जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १५९ • २०८३ साल कार्तिक १६ गते सोमबार (2 November, Monday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

बारा घटना छानबिन गर्न एसएसपीको संयोजकत्वमा समिति गठन

टुडे समाचारदाता

जनकपुरधाम । बाराको फेटा गाउँपालिकामा अस्पताल उद्घाटनको विषयलाई लिएर भएको झडपको क्रममा प्रहरीले चलाएको गोली लागेर एकजना घाइते भएपछि सो घटनाको छानबिन गर्नका लागि मधेश प्रदेश प्रहरीले छानबिन समिति गठन गरेको छ । सो समितिले आइतबारबाट नै काम थालिसकेको छ । यस घटनामा बिना आदेश प्रहरीले गोली चलाएको जिल्ला प्रशासन कार्यालय बाराको बुझाइ रहेको छ ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रवक्ता एवम् वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) प्रभुप्रसाद ढकालको नेतृत्वमा तीन सदस्यीय छानबिन टोली गठन गरिएको छ । सो समितिमा एसपी भुवनेश्वरप्रसाद साह र प्रहरी निरीक्षक जटाशंकर यादवसमेत रहेका छन् ।

रास्वपा र एमालेका कार्यकर्ताबीच अस्पताल उद्घाटनको विषयलाई लिएर दुई पक्षबीच भएको विवादले उग्ररुप लिएपछि झडप भएको थियो । सो झडपका क्रममा प्रहरीको गोली लागेर स्थानीय युवक आदित्य पासवान गम्भीर घाइते भएका छन् । झडपमा ढुंगामुढा हुँदा पाँच प्रहरी र केही स्थानीय घाइते भएका छन् । प्रदर्शनकारीले कर्मचारीलगायतका १० वटा मोटरसाइकल जलाएका छन् । विवादबीच स्थानीयले नवनिर्मित अस्पतालको शिलालेख र कार्यक्रमस्थलको टेन्टसमेत तोडफोड गरेका थिए ।

बाराका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीले घटना रोक्न विभिन्न उपाय अपनाउनुपर्नेमा प्रहरीले बिना आदेश गोली नै चलाउनु दुःखद भएको बताए । उनले भने, 'यो घटनाको छानबिन हुन्छ, घटनास्थलको अवस्था नियन्त्रणमा लिने क्रममा न सिडिओ, न एसपीसँग आदेश लिएको छ ? किन र कसको आदेशमा गोली चलायो भन्ने छानबिन हुनु जरुरी छ ।'

बारा प्रहरीले हवाई फायर गरेको बताए पनि पासवानको शरीरको पछाडिको भागमा गोली लागेपछि प्रजिअ अधिकारी आक्रोशित छन् । कार्यक्रमस्थलमा खटिएका इलाका प्रहरी कार्यालय प्रसौनीका इन्चार्ज प्रहरी निरीक्षक सुमन लामालाई जिम्मेवारीबाट हटाइ जिल्ला तानिएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । घटनास्थलमा घाइते स्थानीयले प्रनि लामाकै कारण झडपको घटनाले उग्ररूप लिएको आरोप लगाएका थिए । उनी २५ जनाको टोलीको कमान्ड गर्दै कार्यक्रमस्थलमा शुरुदेखि नै थिए ।

रौतहटको दुई पुलसहित सडक आयोजना अलपत्र

निर्माणमा चरम ढिलासुस्ती र शून्य प्रगतिपछि सरकारको कडा कदम

टुडे समाचारदाता

रौतहट । लामो समयदेखि अलपत्र परेका विकास आयोजनालाई गति दिने उद्देश्यसहित सरकारले ठेक्का तोड्ने अभियानलाई तीव्रता दिएको छ । सुनकोशी-मरिण डाइभर्सन आयोजनाको ठेक्का रद्द गरेपछि सरकारले मधेश प्रदेशका थप तीन पुराना तथा रुण ठेक्का पनि औपचारिक रूपमा तोडेको छ ।

निर्माण व्यवसायीको लापरबाही, पटक-पटक म्याद थप गर्दा पनि काम सम्पन्न नगर्ने प्रवृत्ति र आयोजनाको न्यून प्रगतिलाई कारण देखाउँदै रौतहटका तीन महत्पूर्ण पूर्वाधार आयोजनाको ठेक्का रद्द गरिएको छ । ठेक्का रद्द गरिएका आयोजनामा चन्द्रनिगाहपुर-गौर सडक खण्डको लमाहा खोला पुल, चन्द्रपुर-सुकदेव चोक-लौकाहा सडक खण्डको लौकाहा खोला पुल तथा महेन्द्र राजमार्गअन्तर्गत धनसार-बागमती सडक खण्डको स्तरोन्नति तथा पुनर्स्थापना कार्य रहेका छन् ।

पूर्वाधार विकास मन्त्री इञ्जिनियर सुनिल लम्सालले सामाजिक सञ्जालमार्फत सडक डिभिजन चन्द्रनिगाहपुर, रौतहटले जारी गरेको सार्वजनिक सूचना साझा गर्दै ती आयोजनाको ठेक्का तोडिएको जानकारी दिएका छन् । उनले अब बाँकी निर्माण कार्य नयाँ प्रक्रियामार्फत अघि बढाइने बताए ।

१० वर्षदेखि अलपत्र दुई पुलको ठेक्का रद्द

रौतहटको सडक पूर्वाधारका दृष्टिले महत्वपूर्ण मानिएका लमाहा र लौकाहा खोलाका पुल निर्माणको काम विगत एक दशकदेखि अलपत्र अवस्थामा थियो । यी दुवै पुल निर्माणका लागि २०७३ साल चैत २१ गते रौतहटको गरुडास्थित पप्पु र शिवशंकर जेभीसँग सम्झौता गरिएको थियो ।



सम्झौता अनुसार पुल निर्माणको काम आर्थिक वर्ष ०७५/०७६ भित्रै सम्पन्न हुनुपर्ने थियो । तर, निर्धारित समयमा काम पूरा हुन नसकेपछि पटक-पटक म्याद थप गरिएको थियो । अन्तिमपटक थपिएको म्यादसमेत २०८० असार ३० गते समाप्त भएको थियो । त्यसपछि पनि निर्माण कार्यले अपेक्षित गति लिन नसकेपछि ठेक्का रद्द गर्ने निर्णय गरिएको छ ।

दुवै पुल समयमै निर्माण सम्पन्न नहुँदा स्थानीय बासिन्दाले वर्षौंदेखि आवागमनमा समस्या भोग्दै आएका छन् । वर्षायाममा खोलामा पानीको बहाव बढ्दा आवतजावत थप जोखिमपूर्ण र कष्टकर हुने गरेको छ । पुल निर्माणमा भएको ढिलाइले स्थानीय जनजीवन, व्यापार व्यवसाय तथा यातायात सेवासमेत प्रभावित हुँदै आएको छ ।

त्यस्तै पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गत धनसार-बागमती सडक खण्डको स्तरोन्नति तथा पुनर्स्थापना कार्यको ठेक्कासमेत रद्द गरिएको छ ।

उक्त सडक खण्डको काम गत आर्थिक वर्षभित्र सम्पन्न हुनुपर्ने भए पनि निर्माणको भौतिक प्रगति शून्य देखिएपछि सम्बन्धित निकायले ठेक्का तोड्ने निर्णय गरेको छ । राष्ट्रिय राजमार्गसँग जोडिएको महत्वपूर्ण सडक खण्डको स्तरोन्नति कार्य अघि बढ्न नसक्दा सडक प्रयोगकर्ता समेत जोखिमपूर्ण रुपमा आवतजावत गर्न बाध्य छन् ।

पटक-पटक म्याद थप गर्दा पनि निर्माण कार्य अघि नबढाउने, सम्झौता अनुसार जिम्मेवारी पूरा नगर्ने र सार्वजनिक पूर्वाधारलाई वर्षौंसम्म अलपत्र पार्ने निर्माण व्यवसायीप्रति सरकारले कडा नीति लिएको देखिन्छ ।

सरकारले देशभरका रुण तथा अलपत्र आयोजनाको अवस्था अध्ययन गरी सुधारको सम्भावना भएका आयोजनालाई मात्र अन्तिम अवसर दिने नीति अघि सारेको छ । सुधारको सम्भावना नदेखिएका र निर्माण व्यवसायीले काम गर्न नसकेका आयोजनाको ठेक्का रद्द गरी नयाँ प्रक्रियाबाट निर्माण कार्य अघि बढाइने जनाइएको छ ।

सुनकोशी-मरिण डाइभर्सनपछि मधेश प्रदेशका तीन पुराना ठेक्का रद्द गर्ने निर्णयलाई पनि सरकारले सार्वजनिक निर्माण क्षेत्रमा देखिएको बेथिति अन्त्य गर्ने प्रयासका रूपमा हेरिएको छ ।

ठेक्का रद्द भएसँगै अब सम्बन्धित आयोजनाको बाँकी काम कहिले र कुन प्रक्रियाबाट शुरु हुन्छ भन्ने विषय महत्वपूर्ण बनेको छ । नयाँ ठेक्का प्रक्रिया छिटो सम्पन्न गरी निर्माण कार्य अघि बढाउन सके मात्रै वर्षौंदेखि पुल र सडकको समस्याबाट प्रभावित स्थानीय बासिन्दाले राहत पाउनेछन् ।

सुनकोशी-मरिण डाइभर्सन आयोजनामा प्रधानमन्त्री बालेन्द्र साहको नै स्वार्थ देखिएपछि स्थानीयवासीसमेत फेरि पनि समयमै सडक निर्माणमा हुनेमा शंकाष्पद छन् । तर, ठेक्का तोड्ने निर्णयमा मात्र सीमित नभइ बाँकी निर्माण कार्य समयमै सम्पन्न गराउनु सरकारका लागि थप अर्को चुनौतीसमेत छ ।

औषधीय प्रयोजनका लागि गाँजा खेती गर्न सर्वोच्चको परमादेश

टुडे समाचारदाता

काठमाण्डु । सर्वोच्च अदालतले औषधीय, वैज्ञानिक, कृषि तथा औद्योगिक प्रयोजनका लागि गाँजाको नियन्त्रित व्यावसायिक खेती र उत्पादनको व्यवस्था मिलाउन नेपाल सरकारका नाममा परमादेश जारी गरेको छ ।

सर्वोच्च अदालतले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियमावली, मापदण्ड तथा कार्यविधि तीन महिनाभित्र निर्माण गर्न सरकारलाई आदेश दिएको छ ।

न्यायाधीशद्वय नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले २०८२ जेठ ४ गते यस्तो फैसला सुनाएको थियो । फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो । अधिवक्ता सरोज अधिकारीलगायतले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले सरकारलाई आवश्यक कानुनी प्रबन्ध गर्न परमादेश जारी गरेको हो ।

फैसलाको पूर्णपाठमा औषधीय, वैज्ञानिक, कृषि तथा बागवानी र औद्योगिक प्रयोजनका लागि गाँजाको खेती, उत्पादन, प्रशोधन, भण्डारण, प्रयोग, बिक्री वितरण तथा निकासी पैठारी गर्न इजाजतपत्र प्रदान गर्ने व्यवस्था मिलाउन भनिएको छ ।

यसका लागि आवश्यक नियमावली, मापदण्ड र कार्यविधि निर्माण गरी गाँजाको नियन्त्रित खेती तथा उत्पादनको व्यवस्था गर्नुपर्ने अदालतको आदेश छ । साथै, गैरकानुनी खेती, उत्पादन, प्रशोधन तथा बिक्री वितरणलगायतका निषेधित गतिविधि रोक्न कडा नियमन र निगरानी संयन्त्र निर्माण गर्न पनि अदालतले सरकारलाई निर्देशन दिएको छ ।

अदालतले लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा गाँजाको नियन्त्रित खेती तथा उत्पादनसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न सरकारले लामो समयसम्म आवश्यक नियम नबनाएको विषयलाई गम्भीर रूपमा लिएको छ ।

ऐनले सरकारलाई प्रत्यायोजन गरेको नियम बनाउने अधिकार लामो समयसम्म प्रयोग नगर्दा ऐनका विभिन्न व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन नसकेको पूर्णपाठमा उल्लेख छ ।

अदालतले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था, यसअघि प्रतिपादित न्यायिक सिद्धान्त र तुलनात्मक अभ्यासलाई समेत आधार मानेको छ । साथै, सन् १९६१ को लागू औषधसम्बन्धी एकल महासन्धिको मर्म र भावनाविपरीत नहुने गरी कानुनी व्यवस्था गर्नुपर्ने फैसलामा उल्लेख छ ।

महासन्धिको धारा २३ र २८ समेतलाई ध्यानमा राखेर गाँजाको खेती तथा उत्पादनलाई नियमन गर्ने व्यवस्था गर्न अदालतले सरकारलाई भनेको छ । कानुनले गाँजाको अनियन्त्रित प्रयोगबाट हुन सक्ने विकृति रोक्दै त्यसबाट राज्यले प्राप्त गर्न सक्ने लाभका मार्गलाई व्यवस्थित गर्न सकिने दृष्टिकोण राखेको अदालतको ठहर छ ।

तर, त्यसका लागि आवश्यक कानुनी प्रबन्ध नगर्नुलाई राज्यले आफ्नो दायित्व पूरा गरेको मान्न नसकिने फैसलामा उल्लेख छ ।

'विधायिकी ऐनले यस सम्बन्धमा सरकारले नियम बनाई उक्त व्यवस्था कार्यान्वयन गर्न सक्ने भनी व्यवस्था गरेकोमा यथाशीघ्र सोबमोजिमको नियम बनाउनु राज्यका निकायको कर्तव्य हुन देखियो,' पूर्णपाठमा भनिएको छ ।

अदालतले नियम नबनाउनुलाई सरकारले कानुनबमोजिमको कर्तव्य पूरा गर्न इन्कार गरेको वा त्यसप्रति उदासीन रहेको अवस्थाका रूपमा व्याख्या गरेको छ । यही आधारमा नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम परमादेश जारी गर्नुपर्ने अवस्था देखिएको फैसलामा उल्लेख छ ।

सर्वोच्चले गाँजाको मनोरञ्जनात्मक प्रयोगलाई भने यस फैसलामार्फत खुला गरेको छैन । लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले मनोरञ्जनात्मक प्रयोगलाई स्पष्ट रूपमा अंगीकार नगरेको अदालतको ठहर छ ।

मनोरञ्जनात्मक प्रयोगको विषय व्यापक सामाजिक तथा आर्थिक प्रभाव पार्ने सार्वजनिक नीतिसँग सम्बन्धित भएकाले यसबारे तत्काल निर्णय गर्नुभन्दा नेपालको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशलाई ध्यानमा राख्नुपर्ने अदालतको सुझाव छ ।

यस विषयमा सम्बन्धित विज्ञ तथा सरोकारवालासँग बृहत् छलफल र परामर्श गरी आवश्यक देखिए कानुन संशोधन तथा परिमार्जनका लागि पहल गर्न पनि सर्वोच्चले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षण गराएको छ ।

सर्वोच्चको यस फैसलाले गाँजाको नियन्त्रित व्यावसायिक खेती तथा उत्पादनका लागि कानुनी आधार तयार गर्न सरकारलाई बाध्यकारी निर्देशन दिएको छ ।

तर, खेती शुरु गर्नु अघि सरकारले आवश्यक नियमावली, मापदण्ड र कार्यविधि निर्माण गर्नुपर्नेछ ।

गाँजा खेतीलाई कानुनी मान्यता दिन अर्थ मन्त्रालय सकारात्मक छ'

टुडे समाचारदाता


काठमाण्डु । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले गाँजाको व्यावसायिक उत्पादन र औषधिजन्य प्रयोगका लागि आवश्यक कानुनी व्यवस्था गर्न सरकार सकारात्मक रहेको बताएका छन् । राष्ट्रिय सभाको बैठकमा उनले गाँजा खेतीलाई वैधानिकता दिने विषयमा अर्थ मन्त्रालयले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।



अर्थमन्त्री वाग्लेले गाँजा उत्पादन तथा बजारीकरणको विषय केवल आय, रोजगारी र राजश्व संकलनको पाटो मात्र नभई यसको औषधीय उपयोग र नियन्त्रित प्रयोगको विषयसमेत भएको उल्लेख गरे । उनले गाँजा खेतीका सम्बन्धमा विज्ञहरूबाट हुने अध्ययन र निष्कर्षका आधारमा कानुन निर्माण गरी व्यवस्थित गरिएमा अर्थ मन्त्रालयले यसलाई पूर्ण सहयोग गर्ने स्पष्ट पारे ।

यो मुख्यतया गृह मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषय भएको जानकारी दिँदै मन्त्री वाग्लेले थप अध्ययन र कानूनी निक्यौंलका लागि गृह मन्त्रालयसँग समन्वय गर्ने बताए । उनले औद्योगिक प्रवर्द्धन र सरकारी राजश्व वृद्धिको दृष्टिकोणबाट गाँजा खेतीलाई अर्थ मन्त्रालयले प्राथमिकता दिने उल्लेख गरे ।






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

विधिको शासन नै सर्वोपरी

नेपालमा लामो अन्तरालपछि एउटै दलले झण्डै दुई तिहाइ बहुमत प्राप्त गरेको छ । युवाहरुको वर्चश्व रहेको राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले पुराना दलहरुलाई पाखा लगाउँदै आम निर्वाचनबाट भारी बहुमत प्राप्त गरेको हो । पुराना दलका नेताहरुले सत्ता सञ्चालनको क्रममा व्यापक अनियमितता गरे । नातावाद, कृपावाद र आर्थिक अनियमितताले प्रश्रय पाए । देशको सबै क्षेत्रमा बेथिति बढन थाले । देश विकासको मार्गमा अगाडि बढन सकेन । कामका लागि नेपाली जनशक्ति विदेशिन बाध्य भए । कृषि लगायतका क्षेत्र रोजगारीको अवसर प्रदान गर्न सकेन । धानचामल निर्यात गर्ने नेपालमा अयात हुने परिमाण निकै बढ्यो । स्वदेशी उत्पापदन हुन सकेन । उद्योग धन्धाहरु समेत धराशायी हुन थाले । सरकारले देशवासीको भावनालाई बुझ्न सकेन । राजनीतिक दलहरु सत्ता प्राप्तिलाई नै प्रमुख लक्ष्य बनाए । कुनै एउटा दलले बहुमत प्राप्त गर्न नसक्दा मिलिजुली सरकार गठन हुने प्रक्रियाले राजनीतिक विकृतिहरु निकै बढे । यी र यस्ता समस्याहरुबाट मुक्ति दिने घोषणा गर्दै चुनावमा होमिएको रास्वपालाई मतदाताहरुले विश्वास गरे । भारी जनविश्वास प्राप्त गरेको सर्वाधिक लोकप्रिय नेता बालेन्द्र शाह(बालेन)प्रधानमन्त्री बनेका छन् । उनले देशका युवाहरुको चाहना अनुरुप शासन व्यवस्था चलाउने र देशलाई अगाडि बढाउने विश्वास गरिएको छ । प्रधानमन्त्री बालेन्द्र साहमाथि भ्रष्टाचारको कुनै आरोप लागेको छैन । उनी जनपक्षीय नेताको रुपमा आफ्नो पहिचान बनाउन थालेका छन् । प्रधानमन्त्री साहको नामबाट नै मधेशको ७८ मध्ये ७२ स्थान जितिएको छ । काठमाण्डु, पोखरा लगायत देशका प्रमुख सहरहरुमा पनि उनको प्रभाव चुनावमा देखिएको थियो । तर उनी प्रधानमन्त्री बनेको आठ महिना भित्र नै विभिन्न गम्भीर प्रकृतिको विवादमा परेका छन् । देशमा विधिको शासन हुनुपर्छ । कुनै नेता, मन्त्री, सांसद, प्रधानमन्त्रीले आफू खुशी राज्यको संयन्त्रलाई चलाउन पाउँदैन । न्यायालय, सञ्चार, सुरक्षा निकाय, कर्मचारीतन्त्र, उद्योगी व्यवसायी लगायत प्रायः अधिकांश क्षेत्र त्रसित बनेको छ । कानुन अनुरुप कार्य नभइ फोनको भरमा थुन्ने, बिना अभियोग पत्रकारलाई पक्राउ गर्ने लगायतका कार्यहरुले सरकार आलोचित हुन थालेको छ । देशका अधिकांश मतदाताले विश्वास गरेको प्रधानमन्त्रीको आलोचना हुनु धेरैलाई मर्माहत बनाउन थालेको छ । सरकारको आलोचना रास्वपा पार्टीले समेत गर्न थालेको छ । रास्वपाका कतिपय सांसदहरु गम्भीर विवादमा परेका छन् । सरकारले उनीहरुको बचाउ गरेको आरोप छ । देशलाई अग्रगामी दिशामा लग्न विधिको शासनलाई स्थापित गर्न आवश्यक छ । कानुन भन्दा कोही माथि हुनु हुँदैन । कानुनको दायरामा रहेर नै सबै कार्यहरु भए सरकारको कार्य अगाडि बढेसँगै लोकप्रियता समेत बढने छ । विधिको शासनलाई नै सबैले सर्वोपरी मान्नु पर्छ ।

रैथाने परिकार, जैविक विविधता र पर्यटन



पुष्पराज भट्टराई

नेपालको वास्तविक पहिचान हिमाल र प्राकृतिक दृश्यमा मात्र सीमित छैन । यहाँको माटोमा उम्रिएका बाली, भान्सामा पाक्ने परिकार, समुदायले जोगाएका सीप, भाषा, लोककथा र जीवनशैली पनि पर्यटनका आधार हुन् । यिनको संरक्षण र व्यावसायिक उपयोग गर्न सके पर्यटनले स्थानीय रोजगारी र आयआर्जन बढाउनुका साथै सांस्कृतिक पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउन सक्छ । कुनै स्थानको नाम लिँदा त्यहाँको उत्पादन, परिकार वा सांस्कृतिक सम्पदा सम्झनु संयोग होइन । पुस्तौँदेखि स्थानीय समुदायले संरक्षण र विकास गर्दै आएका यस्ता मौलिक वस्तु नै त्यस क्षेत्रको पहिचानका आधार हुन् । तिनको संरक्षण, प्रवर्धन र बजारीकरणलाई पर्यटनसँग जोड्न सके स्थानीय अर्थतन्त्रमा योगदान पुग्नुका साथै सांस्कृतिक तथा जैविक विविधताको संरक्षणमा समेत सहयोग पुग्छ ।

नेपालको सामाजिक संरचना विभिन्न जातजाति, भाषाभाषी र समुदायको बसोबास तथा अन्तरघुलनबाट निर्माण भएको हो । मानिसको बसाइँसराइसँगै धर्म, संस्कृति, भाषा, खानपान र रहनसहनका परम्परा पनि एक ठाउँबाट अर्को ठाउँमा पुगे । नयाँ भूगोल र वातावरणसँग अनुकूल हुँदै जाँदा पुराना परम्परामा स्थानीय विशेषता मिसिएर नयाँ सामाजिक तथा सांस्कृतिक अभ्यास विकसित भए । यही प्रक्रियाले नेपाली समाजमा खानपान र सांस्कृतिक विविधता बढाएको छ । स्थानीय पहिचान निर्माणमा स्थाननाम र लोकइतिहासको पनि महत्वपूर्ण भूमिका छ । कुनै ठाउँको नाम त्यहाँको भूगोलसँगै मानव सभ्यता, भाषा, संस्कृति, किंवदन्ती र ऐतिहासिक घटनासँग जोडिएको हुन्छ । लिखित अभिलेख नभएका अवस्थामा पुस्तौँदेखि मौखिक रूपमा हस्तान्तरण हुँदै आएका कथा, परम्परा र जनश्रुतिले इतिहासको निरन्तरता कायम राख्छन् । कृष्णप्रसाद श्रेष्ठको स्थाननामकोशमा उल्लेख भएअनुसार स्थाननामको सम्बन्ध त्यहाँको सभ्यता, साहित्य, संस्कृति, भाषा र परम्परासँग गाँसिएको हुन्छ । त्यसैले स्थानीय सम्पदाको अध्ययन गर्दा लिखित इतिहाससँगै लोकइतिहासलाई पनि महत्व दिनुपर्छ ।

नेपालको सामाजिक तथा सांस्कृतिक विकासमा विभिन्न समुदायको योगदान रहेको छ । नेपाली भाषा, पोसाक, वीरता, कला, जात्रा, व्यापार, कृषि र परम्परागत उपचार पद्धतिमा विभिन्न जातजातिका आ-आफ्नै योगदान छन् । यी सबै योगदानलाई एउटै राष्ट्रिय पहिचानभित्र समेट्नु नेपाली समाजको विशेषता हो । स्थानीय समुदायले संरक्षण गर्दै आएका मौलिक ज्ञान, सीप र सम्पदालाई विकास प्रक्रियासँग जोड्न सके पर्यटनका नयाँ सम्भावना पहिचान गर्न सकिन्छ ।

प्रदेशगत रैथाने उत्पादन तथा सांस्कृतिक पहिचान

काठमाडौं उपत्यका र आसपासका क्षेत्रमा स्थानीय उत्पादनले विशिष्ट पहिचान बनाएका छन् । खोकनाको तोरीको तेल, टोखाको चाकु, टिकन गाउँको चिउरा, खावाको दही, पलाञ्चोके काने जुत्ता, नुवाकोटको पिँडालु र कान्छी बदाम, रानीपौवाको स्ट्रोबेरी र मुला, भादगाउँले टोपी र जुजु धौ यसका उदाहरण हुन् । फर्पिडको नास्पाती, त्रिशूलीको असला माछा, चित्लाङको कागेभेडा, रसुवाको च्याङ्ग्रा, सुनकोसीको सहर माछा, रोशीको बाम माछा र पाटनको पालुङ्गो साग पनि स्थानीय पहिचानसँग जोडिएका छन् । धुनीबेंसीका अम्बा, पनौतीका सुन्तला, सिन्धुलीका जुनार, दोलखाका अनार र ठोसेको फलामले पनि आ-आफ्नो क्षेत्रको उत्पादनलाई चिनाएका छन् । काभ्रेको कोकिटा र खद्दर कपडा परम्परागत उत्पादनका उदाहरण हुन् ।

कोसी प्रदेशमा भोजपुरको खुकुरी, टक्सारको करुवा, चैनपुरका भाँडावर्तन र भोजपुरे कोकिटा कपडाको पुराना पहिचान छ । ताप्लेजुङको तोड्बा, इलामको चिया, पाँचथरको अलैँची, संखुवासभाको अल्लो, तेह्रथुमको ढाका, धनकुटाको सुन्तला तथा जुनार र दिङ्लाको रुद्राक्ष यहाँका परिचित उत्पादन हुन् । मूलघाटको उखु, खोटाङको लौरो र लिची, ओखलढुङ्गाको बुङको आलु, झापाको चिया, सुपारी र मरिच तथा तिनजुरे-मिल्केका गुराँसले पनि यस क्षेत्रको पहिचान बनाएका छन् । इलाम-ताप्लेजुङ क्षेत्रको दुरुखो-छुर्पीले पनि नयाँ बजारमा आफ् नो स्थान बनाउँदै छन् । अर्कोतर्फ, झापा, मोरङ र सुनसरीमा कुनै समय प्रचलित सनपाट खेतीको अवस्था कमजोर बनेको छ । झापातिरको भक्का पनि स्थानीय खानपानको परिचय हो ।

मधेश प्रदेशको पहिचान कृषि उत्पादन, मिथिला संस्कृति र खानपानसँग गहिरो रूपमा जोडिएको छ । सप्तरीको खिचडी, सत्तु, भुजा-दही र माछा करी, सिराहाको बारा, चिल्का रोटी तथा सत्तु पराठा, धनुषाको मिथिला खाजा, खजुरिया र मखान यहाँका परिचित परिकार हुन् । महोत्तरीमा ढकनी रोटी, सत्तु रोटी र माछा करी प्रचलित छन् । सर्लाहीको बारा, तरुवा, खिचडी र माछा-भात तथा रौतहटको सेवैयाँ, कबाब, बिरयानी र मटन करीले स्थानीय खानपानमा विविधता थपेका छन् । बाराको लिट्टी-चोखा र तरुवा तथा पर्साको बिरयानी, कबाब, निहारी, सप्तरीको बाजेको पेडा, मटिहानीको मखना, वीरगञ्जको कोकिला, हुम्लाको डालेचुक र मुगुको च्यान्टे घोडा पनि स्थानीय पहिचानसँग जोडिएका छन् । राराको असला माछा यहाँको प्राकृतिक सम्पदाको उदाहरण हो । सल्यानको खोटे सल्ला र जुधालु बट्टाई चरा यहाँको जैविक विविधताका उदाहरण हुन् । कर्णालीका परिकारमा स्थानीय कृषि उत्पादनको प्रभाव स्पष्ट देखिन्छ । सुर्खेतको सिस्नुको तरकारी, ढिँडो-गुन्द्रुक, कोदोको रोटी, दैलेखको गुन्द्रुक-भटमास, जाजरकोटको सिस्नु-ढिँडो, फापरको रोटी र गुन्द्रुकको झोल यहाँका प्रचलित परिकार हुन् । कालिकोटमा फापरको ढिँडो र सिस्नुको तरकारी तथा जुम्लामा मार्सी चामलको भात र स्याउबाट बनाइने अचार तथा सुकुटी पाइन्छन् । हुम्लामा फापरको ढिँडो, सिस्नु र जडीबुटीजन्य साग तथा मुगुमा फापरको रोटी, सिस्नुको तरकारी र थुक्पा, छ्याम्पाजस्ता परिकारमा हिमाली जीवनशैली र स्थानीय उत्पादनको सम्बन्ध देखिन्छ ।

सुदूरपश्चिम प्रदेशमा पनि स्थानीय परिकार र रैथाने उत्पादनको विविधता पाइन्छ । बझाङ र बाजुरामा ढिँडो, सिस्नुको तरकारी, फापरको रोटी र कोदोका परिकार प्रचलित छन् । डोटी र अछाममा पानीपुरी र जनकपुरको मिथिला थाली पनि विशेष पहिचान बोकेका परिकार हुन् । मधेशका परिकार यहाँको कृषि प्रणाली, धार्मिक तथा सामाजिक परम्परा र समुदायगत जीवनशैलीसँग सम्बन्धित छन् । मिथिला चित्रकला, लोकसंस्कृति, धार्मिक स्थल र स्थानीय परिकारलाई एउटै पर्यटन मार्गसँग जोड्न सके मधेशको पर्यटनमा नयाँ सम्भावना खुल्न सक्छ ।



गण्डकी प्रदेशमा कास्की-पोखराको सारङ्गी, माझी समुदायको ताल-जाल परम्परा, जेठी बूढो धान र लुम्लेको आलु परिचित छन् । मुस्ताङको जिम्बु र लुलुगाई, बाग्लुङको लोक्ता तथा हाते कागज, म्याग्दीको टिमुर, स्याङ्जाको सुन्तला, तनहुँको मुंग्रे केरा र बन्दीपुरको स्लेटले स्थानीय उत्पादन र सीपलाई चिनाउँछन् । यस्ता वस्तु र परिकारलाई पर्यटनसँग जोड्दा पर्यटकले स्थानीय स्वाद, उत्पादन प्रक्रिया र समुदायको जीवनशैली बुझ्ने अवसर पाउँछन् ।

लुम्बिनी प्रदेशमा पाल्पाको करुवा र ढाकाटोपी, हाँसको छोइला, चुकौनी, सल्यान माल्नेटाको सुठो-अदुवा, प्यूठानको मूला र गुल्मीको कफी स्थानीय पहिचानका उदाहरण हुन् । बाँकेको खुँदो, नेपालगञ्जको राबडी, भैरहवा-रूपन्देहीको पेडा, बुटवल खस्यौलीको लाहा र दाङको बँधुवा कुखुराको भालेले पनि स्थानीय पहिचान बोकेका छन् । कपिलवस्तु र रूपन्देहीका तालमा पाइने सारस, कर्णाली र मोहना नदीका डल्फिन तथा बर्दियाको पाटेबाघले यस प्रदेशको जैविक विविधतालाई चिनाउँछन् । यी जैविक सम्पदाको संरक्षण गर्दै प्रकृति पर्यटनसँग जोड्न सकिएमा स्थानीय समुदायले पनि प्रत्यक्ष लाभ लिन सक्छन् ।

कर्णाली प्रदेशको पहिचान यहाँको भूगोल, कृषि प्रणाली, जडिबुटी र परम्परागत खानपानसँग सम्बन्धित छ । जुम्ली मार्सी धान, स्याउ र राजमा, दैलेखको दही र सुन्तला, दुल्लुतिरको सावरको छाला, सल्यान र जाजरकोटको टिमुर तथा सुगन्ध ढिँडो-गुन्द्रुक, भटमास, गहतको दाल र दूधजन्य परिकार पाइन्छन् । डडेल्धुराको चिउरीको घिउ, मह, ढिँडो र सागसब्जी परम्परागत खानाका उदाहरण हुन् । बैतडी र दार्चुलामा फापर, कोदो तथा मकैबाट बनेका परिकार र स्थानीय सखरबाट बनाइने मिठाइको पहिचान छ । कैलाली र कञ्चनपुरमा थारु समुदायका घुँगी, माछा, ढिक्री र स्थानीय सागसब्जी प्रचलित छन् । खप्तड क्षेत्रको बाघबुट्टे निगालोको नली, बझाङको अभ्रक, अछामको नौमुठ्ठे गाई, बैतडीको लडाकु च्याखुरा, कैलाली-कञ्चनपुरको विजयसाल, हाडेओखर र दारको तेल आदि यहाँका विशिष्ट रैथाने सम्पदा हुन्

नेपालका विभिन्न प्रदेशमा पाइने रैथाने परिकार र उत्पादनले क्षेत्रीय खानपानको विविधता देखाउँछन् । यसका अतिरिक्त थकाली भान्छा, नेवारी छ्वेला-ऐला, धरानको च्वाँचे अर्थात् बंगुरको मासुको परिकार, ढिक्री, भक्का, ताप्लेजुङ-तेह्रथुमको तोड्बा, संखुवासभाका राई समुदायको वाचिपा, चितवन-नारायणगढको तास, हिमाली क्षेत्रमा सातु हालेर बनाइने चिया र रिल्दुकजस्ता परिकारले स्थानीय खाद्य संस्कृतिको प्रतिनिधित्व गर्छन् । म्याग्दीको भीरमौरीको मह, दाङको बँधिया कुखुरा, स्थानीय दुग्धजन्य परिकार यसका थप मौलिक खाद्य सम्पदाका उदाहरण हुन् । यस्ता उत्पादन र परिकार उपभोगका साधन मात्र होइनन्, स्थानीय इतिहास, ज्ञान, सीप र प्रकृतिसँग जोडिएका सम्पदा हुन् ।

जैविक विविधता र स्थानीय अर्थतन्त्रको सम्बन्ध

रैथाने बाली र स्थानीय उत्पादन खाद्य उपयोगका साधन मात्र होइनन् । तिनले स्थानीय कृषि प्रणाली, वातावरणीय अनुकूलन र जैविक विविधताको निरन्तरतामा योगदान पुऱ्याउँछन् । स्थानीय हावापानी र माटोअनुसार विकास भएका बाली, फलफूल तथा पशुपन्छीले कृषि विविधता कायम राख्न सहयोग गर्छन् । सारस, डल्फिन, पाटेबाघ, राराको असला माछा, कोसी टप्पुको अर्ना तथा अन्य स्थानीय वन्यजन्तु र जलचर प्राकृतिक सम्पदाका महत्वपूर्ण अंश हुन् । यस्ता प्रजातिको संरक्षणसँगै तिनको प्राकृतिक बासस्थान सुरक्षित राख्न आवश्यक हुन्छ । जैविक विविधतामा आधारित पर्यटन विकास गर्दा वन्यजन्तु तथा पक्षी अवलोकन, स्थानीय कृषि प्रणालीको अध्ययन र प्रकृतिसँग सम्बन्धित सांस्कृतिक गतिविधिलाई समेट्न सकिन्छ । कृषि उत्पादनको प्रशोधन, हस्तकलाको बिक्री, स्थानीय परिकारको व्यावसायिक सेवा र होमस्टे सञ्चालनले ग्रामीण क्षेत्रमा रोजगारी तथा समुदायमा आयआर्जनका अवसर सिर्जना हुन्छन् । यसबाट स्थानीय स्रोतको मूल्य बढ्नुका साथै परम्परागत ज्ञान र सीपले पनि निरन्तरता पाउँछन् ।

नेपालको पर्यटन विकासलाई दिगो बनाउन प्राकृतिक सुन्दरता र धार्मिक स्थलको प्रचार मात्र पर्याप्त हुँदैन । पर्यटक कुनै स्थानमा पुग्दा प्राकृतिक सुन्दरता र धार्मिक स्थल मात्र हेर्न चाहँदैनन् । त्यहाँको इतिहास, खानपान, उत्पादन, सीप र जीवनशैली बुझ्न पनि चाहन्छन् । त्यसैले कृषि पर्यटन, स्थानीय भोजन, हस्तकला, सांस्कृतिक मेला, जैविक विविधता अवलोकन र होमस्टेलाई एकीकृत पर्यटन गतिविधिका रूपमा विकास गर्न सकिन्छ । स्थानीय परिकारलाई होटल, होमस्टे, भोजनालय र पर्यटन महोत्सवमार्फत् प्रवर्धन गर्न सकिन्छ । हस्तकलाका सामग्रीलाई स्थानीय बजार तथा पर्यटन केन्द्रमा बिक्रीका लागि राख्न सकिन्छ । किसानले उत्पादन गर्ने रैथाने बाली तथा फलफूलको उत्पादन प्रक्रिया पर्यटकलाई देखाउन सकिन्छ । यसका लागि उत्पादनको मौलिकता कायम राख्दै प्याकेजिङ, ब्रान्डिङ, गुणस्तर र बजार विस्तारमा ध्यान दिनुपर्छ । स्थानीय इतिहास, लोककथा र सांस्कृतिक परम्परासँग सम्बन्धित स्थललाई पर्यटन मार्गमा समेट्न सकिन्छ । पर्यटनसँग स्थानीय उत्पादन जोडिँदा त्यसको लाभ उत्पादन गर्ने किसान, सीप भएका कालीगढ, स्थानीय व्यवसायी र समुदायसम्म पुग्नुपर्छ । यसका लागि स्थानीय तहले उत्पादनको पहिचान, पूर्वाधार विकास, बजार व्यवस्थापन र प्रचारप्रसारमा सहजीकरण गर्न सक्छन् ।

नेपालको पर्यटन विकासलाई दिगो र समुदायमुखी बनाउन प्राकृतिक तथा धार्मिक सम्पदाको प्रवर्द्धनसँगै रैथाने उत्पादन, स्थानीय सीप, खानपान र सांस्कृतिक पहिचानको संरक्षणलाई पनि उत्तिकै महत्व दिनुपर्छ । रैथाने सम्पदाको संरक्षण भनेको विगतका परम्परा जोगाउनु मात्र होइन, तिनलाई वर्तमान आर्थिक तथा सामाजिक विकाससँग जोड्नु पनि हो । स्थानीय उत्पादन र मौलिक ज्ञानको सम्मान गर्दै नयाँ पुस्तालाई त्यसको महत्व बुझाउन सके मात्र यस्ता सम्पदाको निरन्तरता सम्भव हुन्छ । रैथाने स्वाद, सीप, संस्कृति र जैविक विविधता नै नेपालको पर्यटनलाई विशिष्ट बनाउने आधार हुन् । त्यसैले तिनको संरक्षण र प्रवर्धनलाई स्थानीय विकास तथा राष्ट्रिय पर्यटन योजनाको महत्वपूर्ण पक्षका रूपमा अघि बढाउनु आवश्यक छ ।

लेखक: कृषि र पर्यटन अभियान्ता एवं उपभोक्ता अधिकारकर्मी हुनुहुन्छ ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : शिक्षा र स्वास्थ्यमा गरेको प्रयास सफल बन्नेछ ।
वृष : आजको दिनलाई सदुपयोग गर्नुपर्ने छ । श्रमको मुल्य प्राप्त हुनेछ ।
मिथुन : व्यापारमा नाफा हुनेछ ।
कर्कट : वैदेशिक क्षेत्रमा गरेको लगानीबाट फाइदा हुनेछ ।
सिंह : अनावश्यक यात्रामा समय र पैसा खर्च हुनेछ ।
कन्या : परिवारमा रमाइलो घुमघाम तय हुनेछ ।
तुला : मानसम्मान मिल्नेछ । शिक्षामा प्रगति हुनेछ ।
वृश्चिक : सानो कुराले धेरै सताउने जोखिम रहेको छ ।
धनु : परिवारसंग बसेर रमाइलो गर्ने अवसर मिल्ने छ ।
मकर : पूर्वको यात्रा नगर्नु उचित हुन्छ । एकल लगानीले घाटा हुने जोखिम छ ।
कुम्भ: धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गरेमा दैनिक काम सहजै बन्नेछ।
मीन: रोजगारीका क्षेत्रमा सहकर्मीसंग विवाद बढ्ने छ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुणा यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५,९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७,९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

नेपाल रेल्वेको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे

विद्यालय शिक्षा विधेयक बहसः निःशुल्क र गुणस्तरीय शिक्षा सुनिश्चितता‌मा जोड

काठमाण्डु । संविधानले प्रत्याभूत गरेको निःशुल्क र गुणस्तरीय शिक्षाको अधिकारलाई सुनिश्चित गर्ने गरी विद्यालय शिक्षा विधेयक ल्याइनुपर्नेमा सांसद, नीति निर्माता, विज्ञ र अधिकारकर्मीको साझा जोड रहेको छ।

शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ) नेपालको १७औँ वार्षिक साधारणसभाका अवसरमा आज यहाँ आयोजित प्रस्तावित विद्यालय शिक्षा विधेयकमाथिको बहसमा वक्ताहरुले सार्वजनिक शिक्षा राज्यको दायित्व हुनुपर्ने, शैक्षिक सुसञ्चालनमा केन्द्र, प्रदेश र स्थानीय तहको स्पष्ट अधिकार बाँडफाँट हुनुपर्ने र शिक्षामा पर्याप्त बजेट विनियोजन हुनुपर्ने बताएका छन्।

कार्यक्रमको उद्घाटन गर्दै राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले विगतको तुलनामा शिक्षामा सुधार भए पनि पर्याप्त नभएको विषयमा आएका सुझावलाई नीति निर्माताले ग्रहण गर्नुपर्ने बताउनुभयो । उहाँले शिक्षामा बालमैत्री, समावेशीता, विद्यालय सुरक्षा र न्यूनतम् पूर्वाधारको उपलब्धता हुनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित प्रतिनिधिसभा सदस्य



कुसुम महर्जनले शिक्षाको सुधार सबैको दायित्व हो भन्ने भावनाका साथ काम गर्न आग्रह गर्दै सरकार र संसद्ले गर्नुपर्ने कामका लागि आफूहरुका तर्फबाट सक्दो सजीकरण हुने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले विधेयकमा समावेश हुनुपर्ने विषयबारे घनीभूत संवाद गर्न र सबैलाई न्यायको अनुभूति दिलाउन अपनाउनुपर्ने उपायबारे सुझाव दिन आग्रह गर्नुभयो।

नेपाली काग्रेसबाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा प्रमिलाकुमारी गच्छदारले शिक्षामा कुल बजेटको कम्तीमा २० प्रतिशत विनियोजन हुनुपर्ने र सरोकारवाला पक्षले उठाएका विषय सम्बोधन हुनुपर्ने बताउनुभयो। नेकपा (एमाले) बाट निर्वाचित प्रतिनिधिसभा सदस्य गुरुप्रसाद बरालले सरकारले सही ढङ्गले विद्यालय शिक्षा विधेयक ल्याएमा आफूहरुले त्यसलाई थप कार्यान्वयनमुखी बनाउन प्रयास गर्ने बताउनुभयो।

एमालेबाटै निर्वाचित प्रतिनिधिसभा सदस्य साजिदा खातुन सिद्धिकीले विधेयक निर्माणमा कुनै बाहिरी पक्ष हावी हुन नहुनेमा जोड दिँदै बालश्रमको स्पष्ट व्याख्या गर्न माग गर्नुभयो। बागमती प्रदेशसभाका सदस्य हरिप्रभा खड्गीले तीन तहबीचको अधिकारको बाँडफाँटमा रहेको अन्योल हटाउनुपर्ने र नीति निर्माणमा कर्मचारीतन्त्र हावी हुन नहुने बताउनुभयो।

शिक्षा तथा खेलकुद मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले नेपालको संविधानको मर्म र सरोकार भएका पक्षबाट प्राप्त सुझावलाई समेटेर विधेयक ल्याइने जानकारी गराउनुभयो । सोही मन्त्रालयका पूर्वसचिव बालानन्द पौडेलले शिक्षाको नीतिगत पक्ष केन्द्र सरकारको र विद्यालय शिक्षाको सञ्चालन/व्यवस्थापन स्थानीय तहको भएकाले त्यसलाई थप स्पष्ट गर्न सुझाव दिनुभयो।

शिक्षाविद् प्रा डा विद्यानाथ कोइरालाले हरेक स्थानीय तहले अनिवार्य र निःशुल्क शिक्षाको संविधानको व्यवस्था कार्यान्वयन हुन सक्ने किटानी अब ल्याइने विधेयकले गर्नुपर्ने बताउनुभयो । शिक्षाविद् प्रा डा बालचन्द्र लुइँटेलले जनसाङ्ख्यिक अवस्थाको विश्लेषण गर्दै शिक्षामा स्रोतको पुनः व्याख्या गर्नुभयो।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष सुन्दर पन्तले विद्यालय सुधारमा शिक्षकको कमजोरी भन्ने सोचबाट माथि उठ्न आग्रह गर्दै विधेयकमा ट्रेड युनियन अधिकारको सम्मान हुनुपर्ने माग गर्नुभयो। राष्ट्रिय अपाङ्ग महासङ्घका प्रवक्ता गिरिधारी सुवेदीले अपाङ्गता भएका विद्यार्थीलाई सहजरुपमा पढ्न पाउने अधिकारको कार्यान्वयन हुनुपर्ने बताउनुभयो । एनसिइ नेपालका अध्यक्ष लवराज ओलीले हालसम्म ४६ जिल्लामा सञ्जाल भएको र ५५० सदस्य रहेको आफूहरुको अभियानले सबै पक्षको सुझाव समेटेर सरकारलाई विधेयकबारे सुझाव दिने जानकारी दिनुभयो । कार्यक्रममा एनसिइ नेपालको उत्कृष्ट जिल्ला सञ्जालका रुपमा रुपन्देही जिल्ला समितिलाई सम्मानित गरिएको थियो। रासस

चाडपर्वमा चम्किन्छ माटाका भाँडाको बजार, वर्षभरि सुस्ताउँछ कारोबार



जनकपुरधाम । दीपावली र छठको पूर्व सन्ध्यामा जनकनन्दनी गाउँपालिका-४ खजुरीका कुमाल दियो, कलश, धैंटो, हाँडी, धुपौरो, हात्ती, कोसिया, कुर्वार, मट्का बनाउन व्यस्त छन्।

बिहान सखारैदेखि साँझ अबेरसम्म उनीहरु माटो र चक्रमै व्यस्त भेटिन्छन्। कसैका हात माटो मुछ्नमा जुटेका छन् भने कसैले चक्र घुमाउँदै माटाका डल्लालाई आकार दिइरहेका छन्। चाडपर्वको रौनकसँगै सो बस्तीका कुम्हाल समुदायका घरआँगनमा माटाका सामग्री बनाएको हेर्नेहरु पनि भेटिन थालेका छन्।

वर्षभरि सुस्त रहने माटाका सामग्रीको कारोबार दीपावली र छठको समयमा केही बढ्ने आशाले उहाँहरू अहिले उनीहरु उत्पादनमा केन्द्रित छन् । "कारोवार वर्षभरि सुस्त रहन्छ, चाडपर्वको समयमा मात्र बिक्री हुन्छ", खजुरीका पृतम पण्डितले भन्नुभयो, "त्यसैले अहिले पाला बनाउन हामी व्यस्त छौं।"

उहाँहरूका लागि यो समय केवल चाडपर्वको तयारी मात्र होइन, वर्षभरि थन्किएको पेसाबाट केही आम्दानी गर्ने अवसर पनि हो।

"यो हाम्रो पसिना र मेहनतसँग परिवारको जीविका तथा पुख्यौंली पेसाको निरन्तरता पनि जोडिएको हो", स्थानीय सुन्दर पण्डितले भन्नुहुन्छ, "हाम्रो लागि माटो केवल कच्चा पदार्थ होइन, पुस्तौंदेखि हस्तान्तरण हुँदै आएको सीप, संस्कृति र पहिचानको आधार हो।"

"दसैँ सकिएलगत्तै माटोका भाँडा बनाउने काममै लागेकै हुन्छु," अयोधि पण्डितले भन्नुभयो, "अहिले माटोको भाँडा बेचेर राम्रै आम्दानी हुने भएकाले अरू काम थाती राखेर यसमा लागेका हौं।" दसैँदेखि छठसम्ममा माटोको भाँडा बेचेर खबै खर्च कटाउँदा रु एक लाखसम्म आम्दानी हुने उहाँले बताउनुभयो।

चाडपर्वमा माटाका सामग्रीको माग बढे पनि वर्षभरि यसै पेसाबाट परिवारको खर्च धान्न सहज नभएको कुमाल समुदायका अगुवा रामनारायण पण्डितले बताउनुभयो।

प्लास्टिक, स्टिल, आल्मुनियम र अन्य आधुनिक सामग्रीले बजारमा स्थान विस्तार गर्दै जाँदा परम्परागत माटाका भाँडाकुँडाको प्रयोग घट्दै गएको छ। यसले गर्दा माटोसँग जीवन बिताएका कुमाल समुदायलाई आफ्नो पेसा जोगाउने र नयाँ पुस्तालाई यसप्रति आकर्षित गर्ने चुनौती थपिएको उहाँको कथन छ।

"कुनै समय घरघरमा माटाका भाँडाकुँडा प्रयोग गर्ने चलन थियो, पानी राख्न घैंटो, खाना पकाउन हाँडी, पूजा गर्न कलश र दीपावलीमा घरआँगन उज्यालो बनाउन दियो अनिवार्यजस्तै मानिन्थ्यो," रामनारायणले भन्नुभयो, "तर, अहिले ती स्थान क्रमशः आधुनिक सामग्रीले लिन थालेका छन्। चाडपर्वमा पनि माटाका सामग्रीको प्रयोग सीमित हुँदै जानुले परम्परागत पेसामा निर्भर परिवारको आम्दानी प्रभावित हुन थालेको छ।"

बजारमा प्लास्टिकका सामग्रीको चमक बढ्दै गर्दा माटोसँग जोडिएको परम्परागत पेसाको उज्यालो निभ्न नदिन राज्य, स्थानीय सरकार र उपभोक्ता सबैको साथ आवश्यक देखिएको कुमाल समुदायको भनाइ छ। रासस

धान नफलेपछि माडीका किसान चिन्तित

नारायणगढ । गत वर्षसम्म धान फल्ने खेतमा यस वर्ष रोपाइँ गरेदेखि विभिन्न रोग देखिनु, पाक्ने बेलासम्म बाला नलाग्नु र थन्क्याउने समयमा खोक्रा बाला (टाटला) मात्रै भेटिएपछि चितवनको माडीका किसान चिन्तित बनेका छन्।

नयाँ जातको धान लगाउँदा उत्पादनमा कमी आएपछि वर्षभरि खाने अन्न जुटाउनसमेत समस्या हुने चिन्ता थपिएको हो। धानखेतीमा भएको क्षति र समस्याको समाधान खोज्दै किसान अहिले दिनहुँजसो नगरपालिकाको कृषि शाखा पुग्ने गरेका छन्।

माडी नगरपालिका-७, ६, ५ लगायत क्षेत्रका स्थानीयद्वारा एग्रोभेटबाट बीउ किनेर लगाएको 'बायोसीड २०१' जातको धानमा समस्या देखिएको हो । धानमा विभिन्न रोग देखिनुका साथै बाला नलाग्ने, बाला लागे पनि सानो हुने र दाना नलागी टाटला मात्रै रहने समस्या देखिएपछि किसानले अपेक्षित उत्पादन लिन सकेका छैनन्।

माडी नगरपालिका कृषि शाखाका अनुसार उक्त जातको धानमा वनस्पतिक अवस्थामा मरुवा (ब्लास्ट) र खैरो थोप्ले रोग देखिएको थियो। रोग नियन्त्रणका लागि कृषि शाखा तथा स्थानीय एग्रोभेटको सल्लाहमा विषादी प्रयोग गरे पनि समस्या नियन्त्रण हुन नसकेको कृषि शाखा प्रमुख सुरेश सिँखडाले बताउनुभयो।

उहाँका अनुसार पछि धान पसाउने र बाला लाग्ने समयमा समेत बाला नलाग्ने तथा दाना नलाग्ने समस्या देखिएको हो । किसानको गुनासोपछि गरिएको स्थलगत अनुगमनमा उक्त जातको धानमा बाला नलागेको तथा बाला लागेका खेतमा पनि घाँटी मरुवा, खैरो थोप्ले र मर्चट ब्लाइटजस्ता रोग व्यापक मात्रामा देखिएको उहाँले जानकारी दिनुभयो।

कृषि शाखा प्रमुख सिँखडाले भन्नुभयो, "नगरको कृषि शाखामा धानमा समस्या आएको गुनासो प्राप्त भएपछि कृषकको धानबारीमा स्थलगत अनुगमन गर्दा सो जातको बालीमा बाला नलागेको तथा बाला लागेको बारीमा पनि घाँटी मरुवा, खैरो थोप्ले र मर्चट ब्लाइटजस्ता रोगको सङ्क्रमण देखिएको थियो । अहिले पाक्ने बेलामा दाना नलाग्ने समस्या देखियो । नगरपालिकामा आएर समस्या समाधान गरिदिन आग्रह



गर्दै किसानहरू आउनुहुन्छ।"

स्थानीय एग्रोभेटसँग कुराकानी गर्दा माडी क्षेत्रमा उक्त जातको करिब तीन हजार किलो बीउ बिक्रीवितरण भएको र करिब १०० हेक्टर क्षेत्रफलमा खेती गरिएको पाइएको कृषि शाखाले जनाएको छ। बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको पञ्जीकरण विवरणअनुसार उक्त धान १२९ दिनमा पाक्ने उल्लेख छ।

असार १५ देखि असार मसान्तसम्म रोपिएको धानमा असोज मसान्तसम्म धेरै किसानको खेतमा बाला ननिस्किएपछि बीउको गुणस्तरमाथि प्रश्न उठेको कृषि शाखा प्रमुख सिँखडाले बताउनुभयो । उक्त धान लगाएका अधिकांश किसानको खेतमा समान प्रकृतिको समस्या देखिएकाले बीउमै कैफियत हुन सक्ने आशङ्का गरिएको उहाँको भनाइ छ।

उहाँका अनुसार समस्याबारे कृषि शाखाले कृषि विकास कार्यालय, भरतपुर र प्रदेश बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रलाई जानकारी गराएको छ । केन्द्रबाट प्रभावित क्षेत्रको स्थलगत निरीक्षणसमेत भएको छ । अहिले कृषि शाखाले किसानबाट क्षतिको विवरण सङ्कलन गरिरहेको छ भने बीउ कम्पनीका प्रतिनिधिलाई बोलाएर क्षतिलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा छलफल भइरहेको सिँखडाले बताउनुभयो।

नयाँ जातको धान लगाउँदा घाटा

माडी-७ कीर्तनपुरका गोविन्द भण्डारीले गत वर्षसम्म एक कठ्ठामा पाँच मुरीसम्म धान उत्पादन गर्दै आउनुभएको थियो। यस वर्ष भने नयाँ जातको धान लगाउँदा उहाँको खेतमा बाला नै राम्रोसँग लागेन । खाँदा मिठो र मसिनो चामल दिने नयाँ जातको धान हुने भन्दै उहाँले बीउ किनेर रोप्नुभएको थियो।

रोपाइँपछि धानमा क्रमशः रोग देखिन थालेपछि उहाँले रोग नियन्त्रणका लागि पटकपटक विषादी प्रयोग गर्नुभयो। तर, धान काट्ने बेला हुँदासम्म खेतमा बोट र खोक्रा बाला मात्रै देखिए । वर्षभरि खान पुग्ने धान उत्पादन हुने अपेक्षामा खेती गर्नुभएका उहाँ अहिले उत्पादन नहुँदा चिन्तित हुनुहुन्छ।

"अहिले नयाँ जातको धान लगाउने भनेर लगाएको, नफलेर बर्बाद भइयो। धान काट्दा टाटला (खोक्रा बाला) मात्रै भए, दाना केही भएन", भण्डारीले भन्नुभयो । उहाँले समस्या बीउमै भएको दाबी गर्नुभयो। आफूले लगाएको धानसँगै आसपासका खेतमा सोही जातको धान लगाएका किसानले पनि उस्तै समस्या भोग्नुपरेका उहाँको भनाइ छ। रोपेपछि धानको बोट मर्ने, बाँकी रहेका बोटमा बाला सेतो हुने र दाना नलाग्ने समस्या देखिएको उहाँले बताउनुभयो।

परम्परागत रूपमा लगाउँदै आएको सावित्री, गोरखनाथलगायत धानमा यसअघि यस्तो समस्या नदेखिएको भन्दै भण्डारीले दुःख व्यक्त गर्नुभयो । नयाँ जातको धान लगाउने निर्णयले यस वर्षको खेती खेर गएको उहाँको भनाइ छ। उहाँले कृषि कार्यालय र बीउ बिक्रेतासँग समस्याबारे जानकारी गराइसक्नुभएको छ।

माडी-६ कल्याणपुरकी सावित्री चापागाईंको पीडा पनि उस्तै छ। विदेशमा रहेका श्रीमान्लाई स्वदेशमै फर्केर आफ्नै माटोमा केही गर्न सकियोस् भन्ने उद्देश्यले उहाँले यस वर्ष आफ्नै खेतमा धानखेती गर्नुभएको थियो। पहिले अरूलाई ठेक्कामा दिने गरेको जग्गामा आफैं खेती गर्दा परिवारका लागि अन्न जुटाउने र आम्दानी गर्ने उहाँको अपेक्षा थियो । तर, धानको अवस्थाले उहाँलाई निराश बनाएको छ।

"धान रोपेपछि रातो भयो । पछि बोट मरेर बाला नलाग्ने र पोटा मात्रै आयो। यस्तो समस्या आजसम्म भएको थिएन। न धान भयो, न पराल", चापागाईंले भन्नुभयो । करिब १६ कठ्ठा क्षेत्रफलमा लगाइएको धानबाट दुई-चार बोरामात्रै उत्पादन भएको जनाउँदै उहाँले यो पनि खानयोग्य अवस्थामा नरहेको बताउनुभयो। सामान्य अवस्थामा उक्त खेतबाट राम्रो उत्पादन हुने अपेक्षा गरे पनि यस वर्ष लगानी र मेहनत खेर गएको उहाँको भनाइ छ।

नयाँ जातको धान लगाउने भनेर आसपासका धेरै किसानले बीउ किनेको र उनीहरूको खेतमा पनि उस्तै समस्या देखिएको चापागाईंले बताउनुभयो। नयाँ बीउ पर्याप्त नभएका ठाउँमा लगाइएको केही धानमा भने सामान्य उत्पादन भएको देखिएकाले बीउकै गुणस्तरमा समस्या भएको हुन सक्ने उहाँको आशङ्का छ।

यस घटनाले उहाँलाई नयाँ बीउ छनोट गर्दा थप सचेत हुनुपर्ने पाठ सिकाएको छ। अबदेखि बीउ कम्पनीको प्रचार वा एग्रोभेटको सल्लाहमा मात्रै भर नपरी कृषि प्राविधिक र कृषि कार्यालयको सल्लाह लिएर खेती गर्ने उहाँले बताउनुभयो।

अनुसन्धानपछि क्षतिको यकिन गरिने

कृषि विकास कार्यालय चितवनका प्रमुख भलकनाथ कँडेलले माडीका केही क्षेत्रमा नयाँ जातको धानमा समस्या देखिएको जानकारी प्राप्त भएको बताउनुभयो। किसानको गुनासो र स्थानीय कृषि शाखाबाट प्राप्त जानकारीका आधारमा समस्याको अनुसन्धान गरी बीउ कम्पनीबारे बुझ्ने काम भइरहेको उहाँले बताउनुभयो।

बीउ बिक्री गर्ने एग्रोभेटले कहाँबाट बीउ ल्याएको हो भन्ने विवरण सङ्कलन गरी आवश्यक प्रक्रिया अघि बढाइने उहाँको भनाइ छ । किसानले बीउ खरिद गर्दा त्यसको स्रोत, गुणस्तर र उपयुक्तताबारे ध्यान दिनुपर्ने उल्लेख गर्दै उहाँले एग्रोभेटको सल्लाहमा मात्रै भर नपरी कृषि प्राविधिक तथा सम्बन्धित कृषि कार्यालयसँग परामर्श गरेर खेती गर्न सुझाव दिनुभयो।रासस

सीर्सिया नदीमा फोहर विसर्जन गर्ने प्रतिबन्ध लगाइने

वीरगञ्ज । सर्वदलीय/सर्वपक्षीय बैठकले आसन्न छठपर्वका अवसरमा बर्तालुको सुविधाका लागि पूजा अवधिभर विभिन्न उद्योगबाट गरिने विभिन्न चिज वस्तु/पदार्थ एवं फोहर विसर्जनलाई पूर्ण रूपमा रोक्ने निर्णय गरेको छ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा शनिबार यहाँ बसेको बैठकले बारा र पर्सा जिल्लाको औद्योगिक करिडोर हुँदै बग्ने सिर्सिया नदीमा भएको फोहर व्यवस्थापन सम्बन्धमा शनिबार बसेको सर्वदलीय/सर्वपक्षीय बैठकले उद्योगहरूसँग रहेको ट्रिटमेन्ट पलान्टबाट सफा पानी नदीमा छोड्न लगाई पानीलाई सफा र स्वच्छ बनाउने निर्णय गरेको छ।

सिर्सिया नदीमा रसायनयुक्त पानी प्रशोधन नगरी नदीमा मिसाउन पूर्ण प्रतिबन्ध लगाउने र औद्योगिक करिडोरका सबै उद्योगले आफ्नो उद्योगबाट निस्कने रसायनयुक्त पानी प्रशोधन नगरी नदीमा मिसाउन पूर्ण



प्रतिबन्ध लगाउने र प्रत्यक उद्योगले अनिवार्य रूपमा आफ्नो बहिर्गमन प्रशोधन केन्द्र २४सै घण्टा पूर्ण रूपमा सञ्चालन गर्नपर्ने निर्णय गरेको हो।

वीरगन्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको विशेष उपस्थितिमा भएको बैठकको निर्णयमा भनिएको छ, "व्यक्तिगत रूपमा प्रशोधन केन्द्र राख्न नसक्ने साना तथा मझौला उद्योगका लागि उद्योग वाणिज्य सङ्घको अगुवाइ र सरकारी अनुदानमा साझा प्रशोधन केन्द्र निर्माण गर्न जग्गा पहिचान र सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने।" बैठकले विगतमा सिर्सिया नदी सम्बन्धमा भएका निर्णय एवं काम कारवाहीबारे समीक्षासमेत गरिएको थियो । त्यसैगरी बैठककले सिर्सिया नदीको दीर्घकालीन पुनर्उत्थानका लागि सङ्घीय र प्रदेश सरकारसँग प्राविधिक सहयोग लिँदै वीरगन्ज महानगरपालिका र आसपासका पालिकाले सहरको मुख्य ढल नदीमा मिसिन नदिन तत्काल वैकल्पिक नाला निर्माण गरी ढल डाइभर्सन गर्ने र तीनै तहको बजेट साझेदारीमा 'सिर्सिया नदी संरक्षण संयुक्त कोष' स्थापना गर्ने प्रक्रिया पनि अगाडि बढाउने निर्णय गरेको छ । रासस

मधेश प्रदेश सरकार

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

धनुषा, जनकपुरधाम

प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०७/१६ गते

कृषि ज्ञान केन्द्र धनुषाको चालु आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रम निर्धारित शर्तहरुमा रहि संचालन गर्न ईच्छुक धनुषा जिल्ला भित्र खेति गर्ने कृषक/कृषि उद्यमी/कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशन भएको मितिले ३० औ दिन (मिति २०८३/०८/१५ गते) भित्र कार्यालय समयमा आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेस गर्नको लागी सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचनाको लागि कार्यालयको वेबसाईट https://akcdhanusha.gov.np/ सूचना पाटि / धनुषा जिल्लाका स्थानिय तह कृषि शाखा वा कार्यालयको सम्पर्क नं. ०४१-४२०१४८/४२०७३९ वा ९८५४०१०००९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपसिल :

क्र.सं.	कार्यक्रमको नाम	आवेदन पेश गर्न सक्ने
१	मूल्य श्रंखलामा आधारित व्यवसायिक आप खेति आयोजनाको लागि नर्सरी स्थापना	कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी/कृषि उद्योग
२	मूल्य श्रंखलामा आधारित व्यवसायिक आप खेति आयोजना अन्तरगत नँया बगैंचा व्यवस्थापन कार्यक्रम	कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी
३	मूल्य श्रंखलामा आधारित व्यवसायिक आप खेति आयोजना अन्तरगत पुरानो बगैंचा व्यवस्थापन कार्यक्रम	कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमी
४	माटो स्वास्थ्य सुधार कार्यक्रम	कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म
५	मूल्य श्रंखलामा आधारित व्यवसायिक केरा प्रवर्द्धन कार्यक्रमका	कृषक / कृपक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी/कृषि कम्पनी/कृषि उद्योग/स्थानिय तह

कृषि ज्ञान केन्द्र, धनुषा

माईग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन, सर्टिफिकेट तथा ट्रान्सक्रिप्ट मिति २०८३/०६/२८ गते जनकपुर जाने क्रममा हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

नाम : अभिशेक कुमार शर्मा
एम.एस.नं.: ३३७५४६
रजिष्ट्रेशन नं.: ७५१७१७०२९
ठेगाना:पिपरा गा.पा.-२, महोत्तरी
मो.नं. ९८२४८४४५३३

महेन्द्रनगरमा दुई आकाशे पुल निर्माण, तेश्रोको काममा तीव्रता

टुडे समाचारदाता

जनकपुधामाजनकपुधाम-ढल्केवर ६ लेन व्यापारिक सडकअन्तर्गत धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ स्थित महेन्द्रनगर बजारमा निर्माणाधीन दुई वटा आकाशे पुलको निर्माण सम्पन्न भएको छ।

पुलमा रङरोगन तथा सौन्दर्यीकरणको काम भइरहेको र चाँडै सर्वसाधारणका लागि सञ्चालनमा ल्याउने तयारी गरिएको छ । मधेस प्रदेशमा पहिलो पटक निर्माण गरिएका यी पुल पैदल यात्रुको आवागमन सुरक्षित र सहज बनाउने उद्देश्यले निर्माण गरिएको सडक डिभिजन कार्यालय मुजेलिया, जनकपुरधामले जनाएको छ।

सडकमा पैदल यात्रुको चाप बढी हुने महिला विकास चोक र सखुवा चोकमा दुई तथा लक्ष्मीनिया गाउँपालिकामा एउटा गरी तीन वटा आकाशे पुल निर्माणका लागि करिब रु १० करोड ५० लाख लागत अनुमान गरिएको थियो । तीमध्ये महेन्द्रनगरका दुई पुल निर्माण सम्पन्न भएको सडक डिभिजन कार्यालयका प्रमुख डिभिजनल इन्जिनियर दरोगाप्रसाद साहले जानकारी दिए।

उनका अनुसार लक्ष्मीनिया गाउँपालिकामा निर्माणाधीन तेस्रो पुलको काम पनि तीव्र गतिमा



भइरहेको छ । उक्त पुल मङ्सिर मसान्तसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

निर्माण लागतअनुसार महिला विकास चोकको पुलका लागि रु तीन करोड ३५ लाख, सखुवा चोकको पुलका लागि रु तीन करोड ५७ लाख र लक्ष्मीनियाको पुलका लागि रु तीन करोड ४२ लाख विनियोजन गरिएको छ । तीनवटै पुलको लागत मूल्य अभिवृद्धि कर (भ्याट) सहितको हो । पुल निर्माणको जिम्मा दुई वटा निर्माण कम्पनीले पाएका छन्।

सडक डिभिजन कार्यालयका साइट इन्जिनियर उज्ज्वल झाका अनुसार प्रत्येक पुलको उचाइ पाँच दशमलव छ मिटर, लम्बाइ २९ दशमलव चार मिटर र चौडाइ तीन मिटर छ । पुल सञ्चालनमा आएपछि पैदल यात्रुले व्यस्त सडकमा सवारीसाधनको जोखिम मोलेर सडक पार गर्नुपर्ने अवस्था अन्त्य हुने उनले बताए।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक सूर्यबहादुर शाहीले पुल सञ्चालनमा आएपछि सडक दुर्घटनाको जोखिम घट्ने बताए। पूर्व-पश्चिम राजमार्ग हुँदै जनकपुरधाम प्रवेश गर्ने प्रमुख सडक भएकाले यस क्षेत्रमा दैनिक सयौँ पैदल यात्रुको आवागमन हुने गरेको उनले जानकारी दिए।

स्थानीय शम्भुप्रसाद यादवले महिला विकास चोक र सखुवा चोक आसपास हाटबजार, शैक्षिक संस्था तथा बस्ती रहेकाले यसअघि सडक वारपार गर्न जोखिम हुने गरेको बताए । क्षीरेश्वरनाथ बहुमुखी क्याम्पसका प्राचार्यसमेत रहेका उनले पुल सञ्चालनमा आएपछि बालबालिका, विद्यार्थी र ज्येष्ठ नागरिकलाई आवतजावतमा सहज हुने विश्वास व्यक्त गरे।

मधेसको राजनीतिमा पुस्तान्तरणको बहस चर्किदै

टुडे माचारदाता

जनकपुरधाम । मधेसको राजनीतिमा नयाँ पुस्ताको नेतृत्व स्थापित गर्नुपर्ने बहसले पछिल्लो समय गति लिन थालेको छ । जेनजी आन्दोलनपछि देशभर राजनीतिक दलहरूभित्र नेतृत्व परिवर्तन र पुस्तान्तरणको आवाज उठिरहेका बेला मधेसमा पनि युवाहरू पुरानो नेतृत्वको विकल्प खोज्न सक्रिय भएका छन्।

विशेषगरी मधेसवादी दलहरूको नेतृत्वमा नयाँ पुस्तालाई अवसर दिनुपर्ने मागसहित विभिन्न युवा समूह तथा सामाजिक संस्थाहरूले अभियान सञ्चालन गर्न थालेका छन् । यही क्रममा तराई मधेसका केही युवाहरूले 'हुङ्कार मधेस' गठन गरी राजनीतिक पुस्तान्तरणको पक्षमा आवाज उठाइरहेका छन्।

त्यसैगरी शहीद सञ्जय चौधरी स्मृति प्रतिष्ठानले पनि मधेसको राजनीतिमा युवाको सहभागिता र नेतृत्व स्थापित गर्न 'मधेस अबको बाटो' अभियान सुरु गरेको छ। प्रतिष्ठानले मधेसका विभिन्न जिल्ला तथा काठमाडौंमा युवाहरूसँग छलफल र अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिरहेको



छ।

अभियानकै क्रममा सामाजिक अभियन्ता सञ्जय यादवको अगुवाइमा प्रतिष्ठानले सोमबार कलैयामा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो। कार्यक्रममा मधेस आन्दोलनको इतिहास, त्यसबाट प्राप्त उपलब्धि, वर्तमान चुनौती र आगामी राजनीतिक तथा सामाजिक कार्यदिशाबारे व्यापक छलफल गरिएको थियो।

सहभागीहरूले मधेसको बदलिँदो राजनीतिक परिस्थितिमा नयाँ पुस्ताको नेतृत्व अपरिहार्य बन्दै गएको धारणा राखेका थिए। कार्यक्रममा नागरिक अगुवा उमेशलाल दासले वर्तमान सरकारले मधेसका मुद्दा र एजेण्डालाई प्राथमिकतामा नराखे युवा पुस्ताले आफैँ नेतृत्व सम्हाल्नुपर्ने बताए। मधेसका समस्या समाधानका लागि अरूको भर पर्नुभन्दा युवाहरू आफ्नै बलमा अघि बढ्नुपर्ने उनको भनाइ थियो।

जनता समाजवादी पार्टीबाट हालै विद्रोह गरेका मधेस प्रदेशका पूर्वसांसद विक्की यादवले मधेसको राजनीतिक भविष्य मधेसी जनताकै हातमा हुनुपर्ने धारणा व्यक्त गरे । उनले मधेसी युवाहरूले आफ्नो क्षेत्रबाट नेतृत्वदायी भूमिका निर्वाह गर्दै राजनीतिक पुस्तान्तरणको प्रक्रियालाई अगाडि बढाउनुपर्नेमा जोड दिए।

त्यस्तै, अधिवक्ता आनन्द गुप्ताले जेनजी आन्दोलनपछि नेपाली राजनीतिमा नयाँ परिस्थितिको सिर्जना भएको उल्लेख गर्दै पुराना राजनीतिक दल र तिनका नेतृत्वप्रति जनविश्वास कमजोर हुँदै गएको बताए । मधेसको राजनीतिलाई नयाँ सोच र दृष्टिकोणका साथ पुनर्जीवित गर्न युवाहरू संगठित भएर अघि बढ्नुपर्ने उनको सुझाव थियो।

स्थानीय महिला नेतृ हिरमति कुशवाहाले मधेसमा स्वच्छ छवि, इमानदारिता र जनताप्रति उत्तरदायी नेतृत्वको खाँचो रहेको बताइन् । उनले राजनीतिक परिवर्तनसँगै नेतृत्वको कार्यशैलीमा पनि सुधार आउनुपर्ने आवश्यकता औँल्याइन्।

पछिल्ला युवा अभियान र अन्तरक्रियाहरूले मधेसको राजनीतिमा नेतृत्व परिवर्तनको बहसलाई थप बलियो बनाउँदै लगेका छन् । अबको चुनौती युवाहरूको आवाजलाई अभियानमा मात्र सीमित नराखी राजनीतिक नेतृत्व र निर्णय प्रक्रियामा स्थापित गर्नु रहेको देखिन्छ।

सञ्चारकर्मीको गिरफ्तारीप्रति तमलोपाको आपत्ति



टुडे समाचारदाता

जनकपुरधाम । सार्वजनिक सरोकारका विषयमा प्रश्न उठाएकै आधारमा सञ्चारकर्मीमाथि गरिएको गिरफ्तारी तथा प्रशासनिक कारबाहीप्रति तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले आपत्ति जनाएको छ।

शुक्रबार पार्टीका केन्द्रीय अध्यक्ष वृषेशचन्द्र लालले प्रेस विज्ञप्ति जारी गर्दै सञ्चारकर्मीमाथि हुने यस्ता कारबाही लोकतान्त्रिक मूल्य, मान्यता र संवैधानिक व्यवस्थाविपरीत रहेको बताएका छन्।

विज्ञप्तिमा

संवैधानिक निकाय तथा राज्यका संस्थाहरूको विश्वसनीयता जनताले प्रश्न नगरी विश्वास गर्नुपर्ने विषय नभई ती निकायले आफ्नो कामकारबाही पारदर्शी, उत्तरदायी र तथ्यमा आधारित बनाएर स्थापित गर्नुपर्ने उल्लेख गरिएको छ।

सार्वजनिक

सरोकारका विषयमा प्रश्न उठ्दा त्यसको जवाफ दिनुको सट्टा प्रश्नकर्तालाई दबाउने, त्रसित बनाउने र डर देखाएर मौन गराउने प्रवृत्ति लोकतान्त्रिक संस्कृतिको विपरीत रहेको तमलोपाको ठहर छ।

यस्तो प्रवृत्ति

अधिनायकवादी सोच र आचरणको परिचायक भएको पार्टीले जनाएको छ।

सञ्चारकर्मीहरूले सार्वजनिक सवाल उठाएकै कारण गिरफ्तारी तथा प्रशासनिक कारबाहीको सामना गर्नुपर्ने अवस्था लोकतान्त्रिक समाजका लागि स्वीकार्य हुन नसक्ने विज्ञप्तिमा उल्लेख छ।

तमलोपाले अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतामाथि हुने हस्तक्षेपको घोर विरोध गर्दै यस्ता गतिविधिमा तत्काल पूर्णविराम लगाउन सम्बन्धित निकायसँग माग गरेको छ।

हेल्प मधेशीको अध्यक्षमा संजय

टुडे समाचारदाता

जनकपुरधाम । हेल्प मधेशी नेपालको अध्यक्षमा संजय रन यादव चयन भएका छन् । जनकपुरधाममा सम्पन्न संस्थाको दोस्रो महाधिवेशनले यादवको अध्यक्षतामा नयाँ केन्द्रीय कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो।

महाधिवेशनबाट केन्द्रीय वरिष्ठ उपाध्यक्षमा रिना झा, प्रथम उपाध्यक्षमा अमरेश कुमार यादव, द्वितीय उपाध्यक्षमा राम प्रकाश पासवान र तृतीय उपाध्यक्षमा फुलकुमारी यादव चयन भएका छन्।

त्यस्तै, केन्द्रीय महासचिवमा राजेन्द्र कुमार यादव, सचिवमा श्रवणकुमार महरा र कोषाध्यक्षमा मोहम्मद समीर शेख चयन भएका छन्।

यसैगरी, केन्द्रीय सदस्यहरूमा बस्नेत राय, मुकेश यादव, दिपेन्द्र



कुमार महतो, कृष्ण कुमार साह, कृष्ण कुमार यादव, दिलीप कुमार महतो र ज्ञानेन्द्र कुमार मुखिया चयन भएका छन्।

हेल्प मधेशी कतारका केन्द्रीय सदस्य धिरज साहका अनुसार विदेशमा रहेका मधेशी समुदायको हकहित संरक्षण, सामाजिक सहयोग तथा मधेशको भाषा, संस्कृति र पहिचानको प्रवर्द्धनमा संस्थाले निरन्तर काम गर्दै आएको छ।

विदेशमा रहेका मधेशी समुदायको हकहित, अधिकार तथा सामाजिक उत्थानका क्षेत्रमा क्रियाशील संस्था हेल्प मधेशी नेपालको नवनिर्वाचित कार्यसमितिले संस्थाको उद्देश्यलाई थप प्रभावकारी बनाउँदै विदेशमा रहेका मधेशी समुदायलाई संगठित गर्ने तथा उनीहरूको हकहितका लागि काम गर्ने विश्वास गरिएको छ।

गोली प्रहारबाट घाइतेलाई थप उपचारका लागि काठमाडौं पठाइयो

टुडे समाचारदाता

बारा । बाराको फेटा गाउँपालिकामा अस्पताल उद्घाटन गर्ने क्रममा शनिवार भएको झडपमा परि घाइते भएका किशोरलाई सेनाको हेलिकप्टरमार्फत काठमाडौं



पठाइएको छ।

दौरान प्रहरीको गोली लागेर घाइते भएका अन्दाजी १६ वर्षीय आदित्य पासवानलाई थप उपचारका लागि काठमाडौं पठाइएको हो । उनलाई सङ्घीय सरकारको अनुदानमा नवनिर्मित १५ बेडको अस्पताल उद्घाटन गर्ने क्रममा उत्पन्न भएको गम्भीर शल्यक्रियामार्फत बाहिर निकालेको थियो।

तर थप विशेष उपचार र निगरानी आवश्यक पर्ने देखिएपछि अस्पतालले रिफर गरेसँगै उनलाई काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा भर्ना गरिएको बाराका प्रहरी उपरीक्षक (एसपी) नरेन्द्र कुँवरले पुष्टि गरेका छन् । अस्पताल उद्घाटनको विषयलाई लिएर स्थानीय बासिन्दा र सुरक्षाकर्मीबीच झडप हुँदा बालक गम्भीर घाइते भएको यस दुःखद घटनाप्रति चौतर्फी चासो र चिन्ता व्यक्त गरिएको छ।

घटनाको गम्भीरतालाई मध्यनजर गर्दै यसको यथार्थ सत्यतथ्य पत्ता लगाउन मधेस प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) प्रभु ढकालको संयोजकत्वमा तीन सदस्यीय उच्चस्तरीय छानबिन समितिसमेत गठन गरिएको छ।

शान्तिपूर्ण रूपमा सम्पन्न हुनुपर्ने विकास निर्माण तथा स्वास्थ्य संस्थाको उद्घाटन कार्यक्रम हिंसात्मक बन्न पुग्नु र सुरक्षाकर्मीको गोलीबाट एक अबोध किशोर घाइते हुनुले स्थानीय क्षेत्रमा तनावपूर्ण स्थिति सिर्जना गरेको छ भने घाइते पासवानको स्वास्थ्यलाभको कामनासहित दोषीमाथि निष्पक्ष छानबिन गरी कारबाहीको माग उठ्न थालेको छ।

देउवा समूहको धनुषा अध्यक्षमा झा

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली काँग्रेसको देउवा समूहअन्तर्गत सम्पन्न १५ औँ अधिवेशनबाट धनुषा जिल्ला सभापतिमा कोमलकान्त झा सर्वसम्मत चयन भएका छन् । अधिवेशनले झालाई



जिल्ला सभापतिको जिम्मेवारी प्रदान गर्दै पार्टीको नेतृत्वमा सर्वसम्मत चयन गरेको हो । सहमतिको आधारमा नेतृत्व चयन भएसँगै देउवा समूहभित्र संगठनलाई थप सुदृढ र व्यवस्थित बनाउने विश्वास गरिएको छ।

नवनिर्वाचित सभापति झाले आगामी दिनमा पार्टी संगठन विस्तार, कार्यकर्ताबीच एकता र संगठनात्मक गतिविधिलाई प्रभावकारी बनाउने जिम्मेवारी पाएका छन्।

लागू औषधसहित १३ जना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । प्रहरीले मधेश प्रदेशका पर्सासहित देशका विभिन्न भागबाट लागुऔषधसहित १३ जनालाई पक्राउ गरेको छ। अभियुक्तहरूबाट लागुऔषधका अतिरिक्त चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने औषधि, नगद रु २० हजार २०० र एउटा मोटरसाइकलसमेत बरामद भएको गरेको छ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौंका दुई स्थानबाट तीन, झापा र सुनसरीका एक-एक स्थानबाट दुई-दुई, पर्सा, लमजुङ र बर्दियाका एक-एक स्थानबाट एक-एक तथा कैलालीका दुई स्थानबाट तीन जनालाई पक्राउ गरिएको हो।

पर्साको वीरगञ्ज महानगरपालिका-१६ बसपार्कबाट नियन्त्रित लागुऔषध डाइजेपाम २७ एम्पुल, फेनारगन २९ एम्पुल र बुप्रेनोर्फिन २८ एम्पुलसहित धादिङको ज्वालामुखी गाउँपालिका-२ घर भएका २० वर्षीय निमा लामा शेर्पालाई पक्राउ गरिएको छ।

कैलालीकोधनगढीउपमहानगरपालिका-४ चटकपुरस्थित गोकुलेश्वर चौलानी होटलको कोठा तलासी गर्दा ब्राउनसुगरजस्तो देखिने पदार्थ १२७ मिलिग्रामसहित डोटीको जोरायल गाउँपालिका-२ का २५ वर्षीय अमरबहादुर कुँवर पक्राउ परेका छन्।

सुनसरीको कोशी गाउँपालिका-१ लौकही केराबारीबाट दुई ग्राम १७० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित दुहबी नगरपालिका-३ का ३४ वर्षीय दीपक परियार



र उदयपुरको बेलका नगरपालिका-३ का ३२ वर्षीय बलबहादुर थापा पक्राउ परेका हुन्।

बर्दियाको बढैयाताल गाउँपालिका-७ कर्णाली पुलबाट दुई ग्राम ७१० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित बाँकेको कोहलपुर नगरपालिका-९ का २१ वर्षीय सुशील परियार पक्राउ परेका हुन्।

काठमाडौं महानगरपालिका-६ चुच्चेपाटीबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ चार ग्राम २५० मिलिग्राम र नगद रु २० हजार २०० सहित सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका-३ घर भएका ३९ वर्षीय छिरीङ शेर्पा पक्राउ परेका छन्।

काठमाडौं महानगरपालिका-३२ जडिबुटीबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ छ ग्राम ७४० मिलिग्रामसहित दुई जना पक्राउ परेका छन्। झापाको झापा गाउँपालिका-५ खयरबारीबाट ब्राउनसुगरजस्तो देखिने पदार्थ एक ग्राम ९५ मिलिग्रामसहित बाह्रदशी गाउँपालिका-२ का २४ वर्षीय खड्ग राजवंशी र सोही गाउँपालिका-१ का २५ वर्षीय चैतन हेमरम पक्राउ परेका छन्।

यसैगरी, भजनी नगरपालिका-३ कुसुमघाटबाट एक ग्राम ५० मिलिग्राम ब्राउनसुगरजस्तो देखिने पदार्थसहित दुई जना पक्राउ परेका छन्। उनीहरूमध्ये रोशन सार्कीले प्रयोग गरेको मोटरसाइकल पनि बरामद प्रहरीले नियन्त्रणमा लिएको छ।

लमजुङको बेँसीसहर नगरपालिका-१ देउरालीडाँडाबाट डाइजेपाम, बुप्रेनोर्फिन र फेनारगन १०/१० एम्पुलसहित बेँसीसहर नगरपालिका-८ भुलभुलेका ३० वर्षीय सुजन तामाङ पक्राउ परेका हुन्।

नेपाली जनसम्पर्क समिति अमेरिकाको तीन सदस्यीय निर्वाचन समिति गठन

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली जनसम्पर्क समिति अमेरिकाले आगामी नियमित अधिवेशनलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित रूपमा सम्पन्न गराउने उद्देश्यले निर्वाचन समिति गठन गरेको छ।

समितिका संयोजक प्रमोद सिटौलाले जारी गरेको प्रेस विज्ञप्तिमार्फ



ततीन सदस्यीय निर्वाचन समिति गठन गरिएको जानकारी दिएका हुन्। गठित निर्वाचन समितिको प्रमुख निर्वाचन आयुक्तमा सुरज नायक नियुक्त भएका छन्। उनी नेपाली जनसम्पर्क समितिका पूर्व विभागीय सदस्यसमेत हुन्।

त्यस्तै, निर्वाचन आयुक्तमा विनोद श्रेष्ठ र सचिता रायमाझी बस्नेत चयन भएका छन्। नेपाली जनसम्पर्क समिति अमेरिकाको नियमित अधिवेशन आगामी नोभेम्बर १५ मा आयोजना हुँदैछ।

अधिवेशनलाई निष्पक्ष, मर्यादित र व्यवस्थित ढंगले सम्पन्न गर्ने जिम्मेवारी नवगठित निर्वाचन समितिलाई दिइएको छ। संयोजक सिटौलाले निर्वाचन समितिमा चयन भएका पदाधिकारीहरूलाई बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन्।

साथै, आसन्न अधिवेशनलाई सफल र ऐतिहासिक बनाउन सम्पूर्ण सदस्य तथा शुभेच्छुकसँग रचनात्मक सुझाव, सल्लाह, सहयोग र सक्रिय सहभागिताका लागि आग्रह गरेका छन्।

राधाकृष्ण पुस्तकालयको अध्यक्षमा शम्भु

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधाम उपमहानगरपालिका-१४ मुजेलियास्थित राधाकृष्णसार्वजनिक पुस्तकालयको नयाँ कार्यसमितिमा अध्यक्षमा शम्भु यादव निर्वाचित भएको छ।



सम्पन्न निर्वाचनको मतपरिणाम अनुसार अध्यक्ष पदमा शम्भु यादव ५१ मत प्राप्त गर्दै विजयी भएका छन्। उनका प्रतिस्पर्धी रामदत्त ठाकुरले ४० मत प्राप्त गरे।त्यसैगरी, उपाध्यक्ष पदमा बिहारी राउत ४७ मतसहित विजयी भएका छन् भने अर्का उम्मेदवार अरुण कुमार यादवले ३९ मत प्राप्त गरे।

कोषाध्यक्षमा दयानिधि यादव ५३ मत प्राप्त गर्दै निर्वाचित भए। उनका प्रतिस्पर्धी वचन यादवले ३७ मत प्राप्त गरे। सचिव पदमा रामविलास धनकार ४८ मतसहित विजयी भएका छन् । उनका प्रतिस्पर्धी सुरेन्द्र राउतले ४० मत प्राप्त गरे।

यसैगरी, सहसचिवमा अशोक प्रसाद साह ४३ मत प्राप्त गर्दै निर्वाचित भएका छन् भने धनेश्वर राउतले ४१ मत प्राप्त गरे । सदस्य पदमा मन्जे राउत सर्वाधिक ७० मतसहित विजयी भएका छन् । त्यस्तै, सूर्यानारायण यादव र भरत यादवले समान ६३ मत, रामकली देवीले ६१ मत, रामप्रसाद सहनीले ५५ मत तथा सोनेलाल राउतले ५४ मत प्राप्त गर्दै सदस्यमा निर्वाचित भएका छन् । सदस्य पदका उम्मेदवार उमेश यादवले ४९ मत प्राप्त गरे।

निर्वाचनको परिणामसँगै पुस्तकालयको नयाँ कार्यसमिति चयन भएको छ । नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूसमक्ष पुस्तकालयको संस्थागत विकास, पठन संस्कृतिको प्रवर्द्धन तथा सामाजिक र शैक्षिक गतिविधिलाई थप प्रभावकारी बनाउने जिम्मेवारी आएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८